ᏇᏡᏣᏢᏍᏗ ᏋᏁᏅ
# लालीगुराँस नगरपालिका
# LALIGURANS MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
बसन्तपुर, तेह्रथुम, कोशी प्रदेश, नेपाल (BASANTAPUR, TEHRATHUM, KOSHI PROVINCE, NEPAL)

प.सं. २०८२/०८३
चलानी नं. ५६६ — चनं. ५६६

मितिः २०८२/०९/२०

**(दोस्रो पटक प्रकाशित)**

श्री लालीगुराँस नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण कृषक ज्यूहरु ।

**विषय: अर्गानिक उत्पादन अभियानमा आवद्ध हुन सूचीकृत हुने बारे ।**

प्रस्तुत विषयमा लालीगुराँस नगरपालिका क्षेत्रभित्र कृषि विकास शाखाको प्रत्यक्ष निगरानी र प्राविधिक सहयोगमा कम्तीमा एक रोपनीदेखि बढीमा चार रोपनी क्षेत्रफलसम्मको करेसाबारी परिसरको जग्गामा प्राङ्गारिक मलको प्रयोग गरी सागसब्जी र फलफूल उत्पादन गर्ने कृषकहरुलाई अर्गानिक सागसब्जी र फलफूल उत्पादन अभियानमा समाहित गराउनका लागि प्राङ्गारिक मल तथा जैविक विषादी निर्माणका लागि आवश्यक पर्ने प्लाष्टिक ड्रम अनुदानमा उपलब्ध गराउने भनी लालीगुराँस नगरपालिका, नगर कार्यपालिकाको निर्णय गरेको हुदा उक्त कृषि उपज उत्पादन अभियानमा समाहित हुन चाहने कृषकहरुले दोस्रो पटक यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन अर्थात मिति २०८२/१०/०४ गतेभित्र नगरपालिकाको कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजात सहित सूचीकृत हुन आउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**पुनश्च:** यस अघि प्रकाशित सूचनाका आधारमा सूचीकृत भैसक्नु भएका एक हजार पाँच सय (१५००) जना कृषकहरुले पुन: सूचीकृत हुनु नपर्ने समेत अवगत गराउदै यसरी नगरपालिकाको कृषि विकास शाखामा सूचीकृत भई शाखाको प्रत्यक्ष निगरानी र प्राविधिक सहयोगमा प्राङ्गारिक मलको प्रयोग गरी कृषकहरुले उत्पादन गर्ने कृषि उपजलाई मात्र नगरपालिकाको कृषि एम्बुलेन्स मार्फत बजारमा लगी बिक्री/वितरण गरिने व्यहोरा समेत यसै सूचना मार्फत् सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**तपसिल**

**कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्ने कागजातहरु**

१. निवेदन (निवेदनको ढाँचा कृषि शाखा/वडा कार्यालयमा उपलब्ध छ)

२. किसान सूचीकरण प्रमाणपत्रको प्रतिलिपि वा नागरिक्ता र जग्गाधनि पूर्जाको प्रतिलिपि

२०८२/०९/२०
(रविन कार्की)
प्रमुख प्रशासकीय अधिकृत

रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत